नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
(अनुमतिपत्र महाशाखा)

फोन नं. ४५३४११९, ४५११५३७, ४५१९५०१
फ्याक्स (९७७-१)-४५३९९०३
पोष्ट बक्स नं. २५००७
सानोगौचरण काठमाडौं, नेपाल

पत्र संख्या :- ०८१/८२
च. नं. :- 2296

मितिः २०८२/०२/२६

विषय : विद्युत उत्पादनको अनुमतिपत्रको दरखास्त सम्वन्धमा।

श्री बगथाला हाईड्रो प्रा. लि.
कालंगा कम्प्लेक्स, धोबिघाट,ललितपुर
फोन नः ०१-५५२९९२७,५५२४३३५

प्रस्तुत विषयमा तहाँबाट प्रवर्द्धन भइरहेको तल्लो कालंगागाड जलविद्युत आयोजनाको विद्युत उत्पादनको अनुमतिपत्र सम्बन्धमा पेश भएको थप विवरण सहितको दरखास्त माथि कारवाही हुँदा तहाँलाई निम्न बमोजिमको कागजात विवरणहरु यथासिघ्र पेश गर्नुहुन यस विभागको मिति २०८२/०२/२३ गतेको निर्णायानुसार जानकारी गराइन्छ।

१. कम्पनीको अध्यावधिक शेयर दर्ता किताबको नोटराइज प्रतिलिपि, प्रवर्द्धक कम्पनीको पछिल्लो आ.व.को कर चुक्ता प्रमाण पत्रको नोटराइज प्रतिलिपि एवम अध्यावधिक लेखा परिक्षण गरिएको वित्तीय विवरण ।
२. आवश्यक शेयर पुंजीलाई पुग्ने गरी विभागबाट तोकिएको ढांचामा अध्यावधिक खुद सम्पती (नेट वर्थ) सर्टिफिकेट (Udin Number सहित) एवम खुद सम्पती (नेट वर्थ) पुष्टि गर्न लिइएका आधार प्रमाण र नेट वर्थ तयार गर्ने सि.ए संस्थाको अध्यावधिक कर चुक्ता प्रमाण पत्र, दर्ता सम्वन्धी कागजात तथा COP (नोटराइज गरिएको प्रतिलिपि)।
३. प्रस्तुत आयोजनाको क्षेत्र विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र (वि.वि.वि. ०७३/७४,वि.उ.स. ७५४) बमोजिम २९°२८'५०" देखि २९°३०'४०" र ८०°५२'३०" देखि ८०°५४'२६" सम्म प्रदान भएको र प्रस्तुत आयोजनाको सन्दर्भमा मिति २०७९/१०/११ मा सम्पन्न भएको प्राविधिक प्रस्तुतीकरणमा आयोजनालाई Tailrace भन्दा मुनिको क्षेत्र आवश्यक पर्ने/ नपर्ने निक्र्योल गरी पेश गर्न निर्देशन दिइएको थियो। सो पश्चात तहाँबाट मिति २०७९/११/२८(द.नं. ५४५६) को पत्रमार्फत Tailrace भन्दा मुनिको क्षेत्र आवश्यक पर्ने/नपर्ने को सट्टा Headworks को माथितिर ०.५" थप गरी (अर्थातः २९°३०'४०.५") क्षेत्र माग भएको देखिन्छ। यस सन्दर्भमा आयोजनालाई Tailrace भन्दा मुनिको क्षेत्र आवश्यक पर्ने/नपर्ने निक्र्योल गरी पुनः पेश गर्नुपर्ने ।

(वीरेन्द्र पंडित)
इन्जिनियर